# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १० असोज २४, २०८०

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०६/२४ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो ।</td></tr>
<tr><td>२</td><td>गुल्मीदरबार गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>गुल्मीदरबार गाउँपालिकाको अध्यक्ष कप भलिवल खेल मिति २०८०/०७/१२ र १३ गते श्री राजरुन्खा मा.वि. गुल्मीदरबार-३, राजा गुल्मीमा सम्पन्न गर्ने । उक्त खेल सञ्चालनका लागि प्रत्येक वडाबाट १ टीम पुरुष र १ टीम महिलालाई सहभागी गराउने । प्रथम पुरस्कार रु.१२०००।- द्वितीय पुरस्कार रु.१००००।- तृतीय पुरस्कार रु.८०००।- र सहभागी पुरस्कार रु.५०००।- उपलब्ध गराउने । उक्त कार्यक्रम सञ्चालनका लागि नपुग रकम कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।</td></tr>
<tr><td>४</td><td>गुल्मीदरबार गाउँपालिकाको व्यवसाय दर्ता, नविकरण तथा कर सम्बन्धी कार्यविधि, २०७७ संशोधन गर्नु पर्ने भएको हुँदा तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।<br>तपशिलः
<table>
<tr><th>क्र.सं</th><th>दफा नं.</th><th>भएको अवस्था</th><th>संशोधनका लागि प्रस्ताव गरिएको व्यवस्था</th><th>संशोधन गर्नु [illegible] कारण</th></tr>
<tr><td>१</td><td>१४(१)</td><td>करदाताले ऐन र यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नुपर्ने कर रकम सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र कार्यालयमा दाखिला गर्नु पर्ने छ ।</td><td>करदाताले ऐन र यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नु पर्ने कर रकम अर्को आर्थिक वर्षको असीज मसान्त भित्र कार्यालयमा दाखिला गर्नु पर्ने छ ।</td><td>संघीय कार्यविधिसँग बाझिएको हुँद</td></tr>
</table></td></tr>
<tr><td>५</td><td>गुल्मीदरबार गाउँपालिका भित्र संचालन भएका अटोरिक्साहरु दर्ताको लागि पुन ७(सात) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>६</td><td>गुल्मीदरबार गाउँपालिका भित्रका सामुदायीक विद्यालयहरु बडादशैं, शुभ दिपावली र छठ पर्वको अवसरमा मिति २०८०/०६/२९ गते देखि मिति २०८०/०८/०३ गतेसम्म बिदा दिने निर्णय गरियो ।</td></tr>
<tr><td>७</td><td>जिल्ला भलिबल संघ गुल्मीको आयोजनामा मिति २०८०/०७/१५ गते देखि मिति २०८०/०७/१८ गतेसम्म प्रथम गुल्मी जिल्ला भलिबल कप-२०८० सञ्चालन हुने भएको हुँदा गुल्मीदरबार गाउँपालिकाबाट जाने सहभागीहरुलाई प्रति सहभागी प्रति दिन रु.१०००।- का दरले उपलब्ध गराउने निर्णय गरियो ।</td></tr>
<tr><td>८.</td><td>तपशिल बमोजिमका विविध निर्णयहरु गरियो ।<br>तपशिलः<ul><li>जिल्ला भलिबल संघ गुल्मीको आयोजनामा मिति २०८०/०७/१५ गते देखि मिति २०८०/०७/१८ गतेसम्म प्रथम गुल्मी जिल्ला भलिबल कप-२०८० सञ्चालन हुने भएको हुँदा जिल्ला भलिवल संघलाई आर्थिक सहयोग रु.३००००।- उपलब्ध गराउने ।</li></ul></td></tr>
</table>

| | |
|---|---|
| | ➢ गुल्मी उद्योग संघको आयोजनामा प्रथम गुल्मी महोत्सवको आयोजना गरेको हुँदा आर्थिक सहयोग रु.३००००।- उपलब्ध गराउने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं. ७ निवासी कुल बहादुर खड्काको वर्षातको कारणले पहिरो गइ क्षति भएको हुँदा आर्थिक सहयोग विपद व्यवस्थापन खर्च शिर्षकबाट रु.४००००।-उपलब्ध गराउने । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत